**Issue 8, Sept –Nov 2011**

अंक ८, असोज – मंसिर २०६८

NRN Non-Resident Nepali Association

**For Nepali By Nepali**

# Global Nepali

## NRNA SECRETARIAT

### यस अंकमा :


| | |
|---|---|
| पाँचौं विश्व सम्मेलन | २ |
| नयाँ नेतृत्व चयन र भावी कार्य योजना | ३ |
| काठमाडै घोषणा पत्र | ३ |
| गैरआवासीय नेपाली दिवस २०११ | ५ |
| विश्वसम्मेलन पूर्वका कार्यक्रमहरु | ६ |
| विश्व सम्मेलन पश्चातका कार्यक्रमहरु | ६ |
| आइसिसिको वैठक सम्पन्न | ६ |
| भेटघाट कार्यक्रम | ८ |
| आइसिसिको साइवर वैठक | ९ |
| राष्ट्रिय समन्वय परिषदद्वारा आयोजित | १०-१२ |



गैरआवासीय नेपाली संघ सचिवालय

टेकु, काठमाडौं

फोन नं. ९७७ – ०१ –४२१५२४७; ४२६२२५५

इमेलः nrn@nrn.org.np

contact@nrn.org.np

वेभसाइटःwww.nrn.org.np


आदरणीय पाठक वृन्दः

नमस्कार !

गैरआवासीय नेपाली संघ सचिवालयले प्रकाशनमा ल्याउने गरेको समाचार पत्र (E-News Letter) को आठौं संस्करण यहाँहरु समक्ष राखेका छौं । पाठकवृन्दबाट यस न्यूजलेटरको सम्बन्धमा सुझावको स्वागत गर्दछौं । २०११ सेप्टम्वर १ देखि २०११ नोभेम्वर ३० सम्म भएका महत्वपूर्ण कार्यहरुका समाचारहरु यस संस्करणमा समावेश गरिएका छन् ।

सचिवालयबाट प्रकाशन हुने बुलेटिनलाई हामीहरुले समसामयिक सुधार गर्दै लैजानु पर्ने धेरै ठाउँहरु छन् तसर्थ यहाँहरुको सृजनशील सुझावहरुको सधैं अपेक्षा गर्दछौं । यस अंकमा समावेश भएका सामग्रीहरु बारे जिज्ञासाहरु भए **webmaster@nrn.org.np** पठाउनु हुन हार्दिक अनुरेध गर्दछौं ।

यस अंकमा निम्न विषयलाई समेटेका छौः

- पाँचौं गैरआवासीय नेपाली विश्व सम्मेलन
- गैरआवासीय नेपाली संघको नयाँ नेतृत्व चयन र भावी कार्य योजना
- पाँचौ गैरआवासीय नेपाली विश्व सम्मेलनको काठमाडै घोषणा पत्र
- गैरआवासीय नेपाली दिवस २०११
- विश्व सम्मेलन पूर्वका कार्यक्रमहरु
- विश्व सम्मेलन पश्चातका कार्यक्रमहरु
- आइसिसिको २९ औं र ३० औं वैठक सम्पन्न
- गैरआवासीय नेपाली संघको प्रतिनिधि मण्डलद्वारा भेटघाट कार्यक्रम
- आइसिसिको साइवर वैठक
- राष्ट्रिय समन्वय परिषदद्वारा आयोजित कार्यक्रमहरु

तपाईहरुको सुझाव र सान्दर्भिकताका आधारमा अन्य सामाग्रीहरु समावेश गर्दै जाने छौं। त्रुटिहरु भए औंल्याइ दिन हुन सादर अनुरोध गर्दछौं ।

धन्यवाद !

गैरआवासीय नेपाली संघ सचिवालय

## पाचौं गैरआवासीय नेपाली विश्व सम्मेलन




यस अघिका चार गैरआवासीय नेपाली विश्व सम्मेलनको परम्परालाई कायम राख्दै यस पटक पनि सम्मेलन नेपाल सरकार, नेपाल उद्योग वाणिज्य महासंघ र गैरआवासीय नेपाली संघ समेतको सहकार्य र सहभागितामा आयोजना गरिएको थियो। सम्मेलन आयोजनाका लागि नेपाल सरकारले माननीय उपप्रधान मन्त्री तथा परराष्ट्र मन्त्रीको अध्यक्षतामा एक उच्चस्तरीय आयोजक समिति गठन गरेको थियो। यस समितिमा नेपाल सरकारका विशिष्ट व्यक्तिहरु, नेपाल उद्योग वाणिज्य महासंघ, गैरआवासीय नेपाली संघ र निजी क्षेत्रका संघ–संस्थाहरुका अध्यक्ष एवं पदाधिकारीहरुको समेत संलग्नता रहेको थियो। सम्मेलनको सचिवालय सम्बन्धि सम्पूर्ण कार्यहरु गैरआवासीय नेपाली संघको सचिवालयलाई दिईएको थियो।

गैरआवासीय नेपाली विश्व सम्मेलनले विश्वभरीछरिएर रहेका नेपालीहरुका प्रतिनिधिहरुलाई एकै थलोमा भेला गराएर गैरआवासीय नेपाली संघले हासिल गरेका उपलव्धिहरुको समिक्षा गर्दै भविष्यको लागि दिशानिर्देश र गैरआवासीय नेपालीहरुका सरोकारका विषयहरुमा बृहत छलफल गर्ने अवसर प्रदान गर्दै आएको छ। गैरआवासीय नेपाली विश्व सम्मेलन हरेक दुई वर्षमा एक पटक नेपालमा आयोजना हुने गरेको छ। यो विश्व सम्मेलनले विभिन्न मुलुकहरुमा बसोबास गरेका नेपालीहरुलाई आफ्नो मातृभूमीसंग प्रगाढ सम्बन्ध कायम राखी नेपाल प्रतिको आस्था तथा सम्पर्णको भावना उजागर गर्ने अवसर दिदै आएको छ।

यस सम्मेलनमा नेपालका समसामयीक बिषयहरुमा बिचार बिमर्श हुनुका साथै यी बिषयहरुमा नेपाल सरकार, नीजि क्षेत्र र आम नेपालीहरुसंग कसरी सहकार्य गरी गैरआवासीय नेपालीहरुको सहभागिता अभिवृद्धि गराउन सकिन्छ भन्ने बारेमा छलफल भएको थियो। यो सम्मेलनलाई गैरआवासीय नेपालीहरुका लागि आफ्नो मुलुकसँग ऐक्यबद्धता जाहेर गर्ने अपूर्व अवसरको रुपमा पनि लिईन्छ। विगतमा आयोजना भएका विश्व सम्मेलनहरुको परम्परालाई कायम राख्दै पाँचौ गैरआवासीय नेपाली विश्व सम्मेलन २०६८ असोज महिनाको २५, २६ र २७ गते काठमाडौंमा सम्पन्न भएको थियो। गैरआवासीय नेपाली अभियानको आदर्श वाक्य "नेपालीका लागि नेपाली" रही आएको छ र यसै मूलमन्त्रलाई सर्वोपरि राखी विभिन्न सम्मेलनहरुका लागि समसामयीक उद्देश्यहरु छनोट गरिएका थिए । यसैमा केन्द्रित भएर यस सम्मेलनको मूल विषय "हाम्रो संजाल– हाम्रो पहिचानः समृद्ध नेपाल" राखिएको थियो।




पाँचौ गैरआवासीय नेपाली विश्व सम्मेलनमा गैरआवासीय नेपाली र आवासीय नेपालीहरु गरी ४५ देशहरुबाट ९८० जाना सहभागीहरुले नाम दर्ता गराएका थिए। यस सम्मेलनमा प्रधानमन्त्री, माननीय उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री, मन्त्रीहरु, विभिन्न राजनीतिक दलका शीर्षस्थ नेताहरु, सभासदहरु, कुटनीतिक नियोगका प्रतिनिधिहरु, नेपाल सरकारका उच्चपदस्थ अधिकारीहरु, नेपाल उद्योग वाणिज्य महासंघ, निजी क्षेत्रका प्रतिनिधिहरु, राष्ट्रिय जीवनका विविध क्षेत्रका ख्याती प्राप्त

व्यक्तित्वहरु र गैरआवासीय नेपाली संघका प्रतिनिधिहरुको सहभागिता रहेको थियो।

यस सम्मेलनको समुद्घाटन कार्यक्रमका प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्री डा. बाबुराम भट्टराईले पानसमा बत्ति बालेर गर्नु भएको थियो । सम्मेलनको पहिलो दिनमा उद्घाटन कार्यक्रम र केही शत्रहरुको संचालन त्रिभुवन आर्मी अफिसर्स क्लव र बाँकी दुई दिनका कार्यक्रमहरु होटेल सोल्टीमा सम्पन्न भएका थिए । सम्मेलनको अन्तिम दिन संघको साधारण सभा र निर्वाचन सम्पन्न भएको थियो । सम्मेलनको समापन समारोहको प्रमुख आतिथ्यता उच्चस्तरीय आयोजक समितिका अध्यक्ष एवं उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री माननीय नारायणकाजी श्रेष्ठले गर्नु भएको थियो । उहाँले सम्मेलन सफल बनाउनका लागि प्रायोजन गर्नुहुने महानुभावहरुलाई कदरपत्र दिएर सम्मान गर्नु भएको थियो । कार्यक्रमको अन्तिम दिन संघले काठमाडौं घोषणा पत्र २०११ जारी गरेको थियो ।

## गैरआवासीय नेपाली संघको नयाँ नेतृत्व चयन र भावी कार्य योजना



गैरआवासीय नेपाली संघको विश्व सम्मेलन गैरआवासीय नेपाली संघ को महाअधिवेशन पनि हो र यसै बखत संघको नेतृत्व चयन गरिनुका साथै संघका भावी रणनीति र कार्ययोजनाहरुको तर्जुमा पनि गरिन्छ। यस सम्मेलनबाट जिवा लामिछानेको नेतृत्वमा नयाँ कार्य समितिको चयन गरियो र लामिछाने अध्यक्षको पदमा निर्बिरोध सर्वसहमतिबाट चयन हुनु भएको हो। यस अवसरमा अध्यक्षले नेपाली जनताले गैरआवासीय नेपालीहरुबाट धेरै अपेक्षा राखेका र लगानीका माध्यम बाट मात्रै गैरआवासीय नेपालीहरुको मूल्याङ्कन गरिरहेको अवस्थामा यो सोचाईमा परिवर्तन ल्याई सिप, ज्ञान र अनुभव हस्तान्तरण पनि एउटा प्रमुख मुद्दा भएको भन्ने जानकारी गराउनु आवश्यक र चुनौतीपूण रहेको जनाउनु भयो। आगामी दिनहरुमा सामूहिक लागानीका अवधारणा अनुरुप नेपालमा लगानी भित्र्याउने योजना रहेको जानकारी गराउँदै सिप, ज्ञान र अनुभवको पनि प्रचुर मात्रामा उपयोग गर्दै नेपालको सामाजिक आर्थिक बिकासमा ठोस योगदान पुराउने लक्ष्य लिएको बताउनु भयो। नेपालको अर्न्तराष्ट्रिय स्थरमा अझ बृहद रुपमा प्रचार प्रसार र पहिचान गराईनुका साथै विश्व भर छरिएर रहेका नेपाली र नेपाली मूलका मानिसहरुलाई एक जुट गर्दै गैरआवासीय नेपालीहरुको संजाललाई बिस्तार, अझ प्रभावकारी र परिणाममुखी बनाउनुको साथै दोस्रो पुस्ताका गैरआवासीय नेपालीहरुलाई यस संजालमा साझेदारी र सहभागीता गराउने लक्ष्य राखिएको बताउनु भयो।

## पाचौं गैरआवासीय नेपाली विश्व सम्मेलनद्वारा जारी - काठमाडौं घोषणा पत्र
## अक्टोवर १२-१४, २०११

सम्माननीय प्रधानमन्त्रीज्यू, उपप्रधानमन्त्रीज्यू, तथा परराष्ट्रमन्त्रीज्यू, मन्त्रीज्यूहरु, संविधानसभाका माननीय सदस्यज्यूहरु, कुटनीतिक नियोगका प्रमुखहरु, नेपाल सरकारका उच्च पदाधिकारीहरु, नेपाल उद्योग बाणिज्य महासंघका कार्यबाहक अध्यक्षज्यू लगायतका पदाधिकारीहरुहरु, गैरआवासीय नेपाली संघका अध्यक्षज्यू, प्रमुख संरक्षकज्यू, संरक्षकहरु तथा पदाधिकारीहरु एवं ४५ देशका ९८० भन्दा बढी गैरआवासीय नेपाली प्रतिनिधिहरुको उपस्थितिमा "हाम्रो संजाल - हाम्रो पहिचानः सम्वृद्ध नेपाल" को मुल नाराका साथ काठमाडौंमा १२ - १४ अक्टोबर २०११ मा आयोजित पाचौं गैरआवासीय नेपाली विश्व सम्मेलन भव्यतापूर्वक सम्पन्न भएको छ । नेपाल सरकार, नेपाल उद्योग वाणिज्य महासंघ र गैरआवासीय नेपाली संघको संयुक्त आयोजनामा सम्पन्न भएको यस सम्मेलनलाई सम्माननीय प्रधानमन्त्री, माननीय उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री, मन्त्रीहरु, विभिन्न राजनीतिक दलका शीर्षस्थ नेताहरु, सभासदहरु, नेपाल सरकारका उच्चपदस्थ अधिकारीहरु, निजी क्षेत्रका प्रतिनिधिहरु, राष्ट्रिय जीवनका विविध क्षेत्रका व्यक्तित्वहरु र गैरआवासीय नेपाली संघका प्रतिनिधिहरुले सम्वोधन गर्नुभएको थियो । पाचौं गैरआवासीय नेपाली विश्व सम्मेलनमा ब्यक्त बिचारलाई समेट्दै यो सम्मेलन निम्न

News

प्रतिवद्धता सहितको काठमाडौं घोषणा जारी गर्दछ :

१. मुलुकको सार्वभौमसत्ता, स्वतन्त्रता, राष्ट्रिय एकता र अखण्डता अक्षुण्ण राख्दै, लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास सहितका उपलब्धीहरु संस्थागत गर्दै मानव अधिकार र मौलिक स्वतन्त्रताको प्रत्याभूति गर्ने र नेपाली जनताको चाहना अनुसारको परिवर्तन सम्बोधन गर्ने संविधान बनाउन र शान्ति प्रक्रियालाई सकारात्मक निष्कर्षमा पुऱ्याउन यो विश्व सम्मेलन सम्पूर्ण राजनीतिक दलहरुमा हार्दिक आग्रह गर्दछ ।

२. नेपाल सरकारले सन् २०१२/१३ लाई लगानी वर्षका रुपमा गरेको घोषणाको गैरआवासीय नेपाली संघ स्वागत गर्दछ । गैरआवासीय नेपाली संघ, नेपाल सरकार र नेपाल उद्योग बाणिज्य महासंघ वीचको सहकार्यमा सामुहिक लगानीका माध्यमबाट देशमा सरकारले तोकेका प्राथमिकताका क्षेत्रहरुमा उल्लेख्य लगानी भित्र्याइने छ । यसको शुरुवातका रुपमा १०० मेघावाटसम्मको मध्यमस्तरीय जलविद्युत आयोजना गैरआवासीय नेपालीको लगानीमा संचालन गर्ने प्रतिवद्धता प्रकट गर्दै यसमा नेपाल सरकारको सकारात्मक सहयोगको अपेक्षा गर्दछ ।

३ .वैदेशिक रोजगारीलाई सुरक्षित ,मर्यादित र व्यवस्थित गराउन तथा मध्यपूर्व र मलेसिया लगायत मुलुकहरुमा वैदेशिक रोजगारमा गएका नेपाली कामदारहरुका व्यक्तिगत र रोजगार सुरक्षाका सन्दर्भमा देखा परेका विविधि समस्या समाधानका लागि गैरआवासीय नेपाली संघले विभिन्न अवसरमा दिएको सुझावलाई समेत ध्यानमा राखि यथाशिघ्र वैदेशिक रोजगार नीतिमा परिमार्जन गर्न आवश्यक भएकोले नेपाल सरकार र गैरआवासीय नेपाली संघ र नेपाल उद्योग वाणिज्य महासंघ बीच सहकार्य गरिनेछ ।

४ .नेपालको दैवी प्रकोप ,विशेष गरी सम्भावित भुकम्पमा सतर्कता तयारी आवश्यक रहेको र यसमा गैरआवासीय नेपालीले विभिन्न मुलुकले अपनाउँदै आएका सतर्कता तथा तयारीको जानकारी एकिकृत रुपमा उपलब्ध गराउने संयन्त्र तयार गर्न आवश्यक भूमिका निभाउने कुरामा यस सम्मेलन प्रतिवद्धता व्यक्त गर्दछ ।

५ .गैरआवासीय नेपाली अभियानमा महिला ,युवा र विदेशमा जन्मिएका पुस्ताको नेपालको विकासमा सहभागिता अपरिहार्य छ । नेपालको विकासमा गैरआवासीय महिला र युवा पुस्ताले खेल्न सक्ने भूमिकाको यो सम्मेलन उच्च मूल्यांकन गर्दछ र तिनलाई नेपालको आर्थिक र सामाजिक जीवनमा अझ बढी सहभागी हुन प्रोत्साहन गरिने छ ।

६ .मुलुकको सर्वाङ्गिण विकासको लागि मानव संसाधानको विकास महत्वपूर्ण हुने भएकाले यो सम्मेलनले ज्ञान ,सीप र प्रविधिको हस्तान्तरणलाई उच्च महत्वका साथ अघि बढाउने निर्णय गरेको छ। विज्ञान तथा प्रविधि हस्तान्तरणको क्षेत्रमा गैरआवासीय नेपालीहरुबाट शुरु भैसकेका कार्यलाई निरन्तरता दिन एक स्थायी प्रकृतिको संरचना निर्माण गरिने छ ।

७. नेपालमा उच्च तहको जनशक्ति उत्पादन कार्यलाई सघाउन खुल्ला विश्वविद्यालय अति जरुरी भइसकेको छ । नेपालमा खुल्ला विश्वविद्यालय स्थापनाको लागि चाहिने प्राविधिक सहयोग गर्न अन्तर्राष्ट्रिय खुल्ला तथा दूर शिक्षा परिषद र अन्य ख्याति प्राप्त विश्वविद्यालयहरुले गरेको प्रतिवद्धताको यो सम्मेलन स्वागत गर्दछ र यस सम्बन्धमा आवश्यक कानूनी व्यवस्था मिलाउन नेपाल सरकारमा अनुरोध गर्दछ । नेपाल सरकार, विदेशमा रहेका नेपालीहरु र विकासका साझेदारहरुको स्रोत परिचालनगरी खुल्ला विश्वविद्यालयको स्थापना गर्ने कार्य अघि बढाइने छ ।

८. "एक पटकको नेपाली सँधैको नेपाली" भन्ने भावनालाई सार्थक बनाउन विदेशी नागरिकता लिए पनि नेपाली नागरिकता त्याग्नु नपर्ने गरी आगामी संविधानमा व्यवस्था हुने कुरामा सम्मेलनका सहभागीहरु विश्वस्त छन् । गैरआवासीय नेपाली सम्बन्धी ऐनमा गैरआवासीय नेपालीको परिभाषा लगायतका सम्बन्धमा गैरआवासीय नेपालीहरुले राख्दै आएका सुझावहरु समेटी सम्बन्धित ऐन नियमहरुमा परिमार्जन गर्न नेपाल सरकार लगायत सम्बन्धित सबैसँग आग्रह गर्दछ ।

९. नेपालीपनलाई जीवन्त राख्नका लागि गैरआवासीय नेपालीहरुलाई नेपालको भाषा ,साहित्य एवं मौलिक संस्कृति र कलासँग जोडिराख्नु अपरिहार्य भएकोले नेपाली कला ,साहित्य ,भाषाको प्रवर्द्धनको क्षेत्रमा योगदान गर्न सबैमा यो सम्मेलन आग्रह गर्दछ ।

१०. विश्वभरी छरिएर रहेका नेपालीहरुलाई आआफ्नो मातृथलोको आर्थिक सामाजिक विकासमा सहभागी हुन यो सम्मेलन आव्हान गर्दछ । एक जिल्ला एक उत्पादन जस्तो स्थानीय साधन स्रोतको सदुपयोग गरी आर्थिक सामाजिक विकास गर्ने अभियानमा नेपाल सरकार एवं नेपाल उद्योग वाणिज्य महासंघसँग सहकार्य गरिने छ ।

११. पहिलो र दोस्रो विश्वयुद्धमा मारिएका हजारौ गोर्खा सैनिकहरुको सम्झना र सम्मानमा स्याङ्जाको फेदिखोला गाविस वडा नं ८ स्थित साल्मेडाँडामा ऐतिहासिक" गोरखा स्मारक "निर्माण गर्ने योजनाको यो सम्मेलन स्वागत गर्दछ ।

१२. नेपालको पर्यटन प्रवर्धनमा गैरआवासीय नेपालीहरुको विशेष भूमिका रहनु पर्दछ भन्ने कुरा आत्मसात गर्दै पर्यटन प्रवर्धनका लागि हरसम्भव भूमिका बढाइने छ ।

१३. नेपालको निकासी व्यापारमा योगदान दिन नेपाल सरकारका सम्बन्धित निकाय र नेपालका व्यवसायिक संघ संस्थाहरुको सहकार्यमा नेपालमा उत्पादित वस्तुहरुको गैरआवासीय नेपालीहरुद्वारा सम्बन्धित मुलुकमा प्रवर्धन गरिने छ । यसका लागि सम्भाब्यताका आधारमा नेपाल गृहको स्थापना गर्दै लगिने छ ।

१४. गैरआवासीय नेपाली संघका प्रत्येक राष्ट्रिय समन्वय परिषदलाई नेपालमा कम्तिमा एउटा कल्याणकारी योजना संचालन गर्न यो सम्मेलन आव्हान गर्दछ ।

१५. गैरआवासीय नेपाली संघका विगतका सम्मेलन र यस सम्मेलनका घोषणामा उल्लेखित विषयहरुको प्रभावकारी कार्यान्वयन भए नभएको अनुगमन गर्न आवश्यक भएकाले यस सम्बन्धमा त्रीपक्षीय पहलकदमी बढाइने छ ।

१६. पाचौं गैरआवासीय नेपाली विश्व सम्मेलनलाई भव्यरुपमा सफल पार्न सहयोग गर्नु हुने सम्पूर्ण सौजन्यकर्ता तथा सहयोगी संघ/संस्था र व्यक्तिप्रति यो सम्मेलन कृतज्ञता व्यक्त गर्दछ ।

१७. छैटौं गैरआवासीय नेपाली विश्वसम्मेलन सन् २०१३ को अक्टोबरमा काठमाडौंमा आयोजना गरिने छ ।

*(विश्व सम्मेलन सम्बन्धी विस्तृत जानकारीको लागी गैरआवासीय नेपाली संघको वेभसाइटमा सम्मेलनको प्रतिवेदन राखिने छ) ।*

## गैरआवासीय नेपाली दिवस



गैरआवासीय नेपाली विश्व सम्मेलनको अवसर पारेर अक्टोवर ११ का दिन गैरआवासीय नेपाली दिवस मनाईयो । यस दिवसको उपलक्ष्यमा काठमाडौंको पशुपतिनाथ र स्वयंभूमा पूजा अर्चना गरिएको थियो । पुजाहरु सम्पन्न गर्नमा पशुपति विकास कोष र स्वंभू गुठीले सहयोग गरेका थिए । यसै अवसरमा पशुपति क्षेत्रमा सरसफाईको कार्यक्रम आयोजना गरिएको थियो । सरसफाईको लागि गैरआवासीय नेपाली संघले पशुपति क्षेत्रलाई फोहर राख्ने कन्टेण्नर उपलव्ध गराएको थियो । सोही अवसरमा पशुपति क्रियापुत्री भवनको हस्तान्तरण कार्यक्रम सम्पन्न भएको थियो । यी कार्यक्रमहरुमा गैरआवासीय नेपाली संघका पदाधिकारीहरु, सदस्यहरु, प्रमुख संरक्षक, संरक्षकहरु, सल्लाहकारहरु, एनिससिका पदाधिकारी एवं सदस्यहरुका साथै विभिन्न मुलुकबाट सम्मेलनमा सहभागी हुन आउनु भएका गैरआवासीय नेपालीहरुको सहभागिता रहेको थियो ।

## पाँचौ विश्व सम्मेलन पूर्वका कार्यक्रमहरु

पाँचौं गैरआवासीय नेपाली विश्व सम्मेलनको अवसर पारेर सम्मेलन पूर्व विभिन्न कार्यक्रमहरुको आयोजना गरिएको थियो । सम्पन्न भएका मुख्य कार्यक्रमहरुमा गैरआवासीय नेपालीहरुको नागरिकता निरन्ता सबन्धी अन्तरकृया कार्यक्रम, सीप, ज्ञान र अन्वेषण सम्बन्धी गोष्ठी, दोस्रो चरणको पशुपति कृयापुत्री भवन हस्तान्तरण कार्यक्रम, खुला विश्वविद्यालय सम्बन्धी गोष्ठ, लैगिंक समानताका लागि महिला शसक्तिकरण गोष्ठी, साहित्य तथा साहित्यिक व्यक्तित्व सम्मान कार्यक्रमहरु संचालन भएका थिए ।

## पाँचौ विश्व सम्मेलन पश्चातका कार्यक्रमहरु




पाँचौ विश्व सम्मेलन पश्चात अक्टोवर १५ देखी अक्टोवर २१ सम्म विविध कार्यक्रमकरुको आयोजना भएको थियो । गैरआवासीय नेपाली संघका नवनिर्वाचित पदाधिकारीहरुको सम्मानमा नेपाली कांग्रेस, नेकपा एमाले, एनेकपा माओवादी र उपराष्टपतिज्यूले चियापानको आयोजना गरेका थिए । सम्माननीय प्रधानमन्त्री, नेपाल सरकार अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय, नेपाल उद्योग वाणिज्य महासंघ, चलचित्र निर्माता संघ, हेल्प नेपाल, नेपाल चेम्वर अफ कमर्शका साथै अन्य सरोकारवाला संघ संस्थाहरुसंग छलफल कार्यक्रमहरु आयोजना भएका थिए । नेपाल सरकारका सचिवहरु, गैरआवासीय नेपालीहरु एवं मिडिहाउसका वीच सिक्स ए साइड क्रिकेट प्रतियोगिता पनि सम्पन्न भएको थियो । यसका साथै नेपाल सरकारले नवनिर्वाचित पदाधिकारीहरुको सम्मानमा एक रात्री भोज वैठकको आयोजना गरेको थियो । उक्त रात्री भोज वैठकमा नेपाल सरकारका मुख्य सचिवका साथै सचिवहरु र गैरआवासीय नेपाली संघका पदाधिकारीहरुको उपस्थिति रहेको थियो । यसै गरी काठमाडौ महानगरपालिकाले पनि नवनिर्वाचित पदाधिकारीहरुको सम्मानमा रात्री भोजको आयोजना गरेको थियो ।

## आइसिसिको २९ औं र ३० औं वैठक सम्पन्न

पाँचौ गैरआवासीय नेपाली विश्व सम्मेलन पूर्व अक्टोवर १० तारिखका दिन नेपाल उद्योग वाणिज्य महासंघको भवनमा गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदको २९ औं वैठक सम्पन्न भएको थियो । उक्त वैठकमा मुख्यतया गैरआवासीय नेपाली संघको २००९ देखि २०११ सेप्टेम्वर सम्मको कार्यकालको समिक्षा गरिनुका साथै संघको विधान, पाँचौ विश्व सम्मेलनको तयारी र अन्य विविध विषयहरुमा छलफल भएको थियो । उक्त वैठकको अध्यक्षता संघका तत्कालिन अध्यक्ष देवमान हिराचनले र वैठकको संचालन महासचिव रतन झाले गर्नु भएको थियो । वैठकमा सम्मेलनमा सहभागी हुन आउनु भएका आइसिसिका पदाधिकारीहरु, सदस्यहरु र एनिसिसिका अध्यक्षहरुको सहभागिता रहेको थियो ।

संरक्षक परिषदको गठन, सल्लाहकारहरु, युवा संयोजकको मनोनयन, कार्यदलहरुको गठन तथा संयोजकहरुको चयन,



कल्याणकारी परियोजना, प्रोजेक्ट च्याम्पियन, गैरआवासीय नेपाली संघको भवन निर्माणका साथै भावी कार्यक्रमहरुको बारे छलफल र निर्णय गरिएको थियो । उक्त वैठकको अध्यक्षता संघका नवनिर्वाचित अध्क्षय जीवा लामिछानेले र वैठकको संचालन महासचिव तेञ्जी शेर्पाले गर्नु भएको थियो । वैठकमा अन्तर्राष्ट्रिय समन्वय परिषदका नवनिर्वाचित पदाधिकारीहरु, सदस्यहरु र एनसिसिका अध्यक्षहरुको सहभागीता रहेको थियो ।

यसै वैठकमा गैरआवासीय नेपालीहरुको सामूहिक लगानी कोष खडा गरी १०० मेघावाटको एउटा जलबिधुत परियोजना निर्माण गर्ने प्रतिवद्धता समेत जनाइएको थियो । सोही वैठकमा संघका अध्यक्ष लामिछानेले यस कार्यकालमा प्रत्येक एसिसिले नेपालमा एउटा परोपकारी परियोजना संचालन गर्न आग्रह गर्नु भयो । साथै उहाँले यस्ता परियोजनाहरुमा व्यक्तिगत रुपमा पनि सहयोग गर्नको लागि आव्हान गर्नु भयो । उहाँले गैरआवासीय नेपाली संघको आफ्नै भवन निर्माण गर्नु पर्नेमा जोड दिंदै यसमा सबै एनिसिस र आइसिसिका पदाधिकारी एवं सदस्यहरुले आर्थिक सहयोग गर्नको लागि आव्हान गर्नु भयो । उक्त वैठकले स्वास्थ्य तथा शिक्षा जस्ता सामाजिक कार्यहरुमा हेल्प नेपाल तथा समूहिक पुस्तकालय निर्माण र संचालनमा नेपाल लाईब्रेरी फाउन्डेशनसंग सहकार्य गर्ने निर्णय पनि गऱ्यो।

यस पश्चात सोही वैठकको दौरान परोपकारी परियोजना र भवन निर्माणको लागि आइसिसिका पदाधिकारी एवं सदस्यहरु तथा एनिसिसिका प्रतिनिधिहरुले रकम उपलव्ध गराउने घोषणा गरेका थिए । घोषणा गर्नेहरुको नामावली र रकम यस प्रकारका छनः

<u>परोपकारी परियोजनाः</u>

| | | |
|---|---|---|
| १ | आइसिसि/एनसिसि युरोप क्षेत्र | – ५० लाख |
| २ | जीवा लामिछाने, अध्यक्ष, गैरआवासीय नेपाली संघ | – २० लाख |
| ३ | भवन भट्ट, कोषाध्यक्ष, गैरआवासीय नेपाली संघ | – २० लाख |
| ४ | आइसिसि/एनसिसि अष्ट्रेलिया | – २० लाख |
| ५ | क्षेत्रीय संयोजक/उपसंयोजक एशिया प्रशान्त | – १० लाख |
| ६ | टि.वि कार्की, सचिव, गैरआवासीय नेपाली संघ | – ५ लाख |
| ७ | अजिजुर रेहमान शेख, आइसिसि सदस्य, कतार | – ५ लाख |
| ८ | आइसिसि/एनसिसि कोरीया | – ५ लाख |
| ९ | आदित्य महर्जन, आइसिसि सदस्य, युएसए | – ५ लाख |
| १० | डा. हेम राज शर्मा, प्रवक्ता, गैरआवासीय नेपाली संघ | – ३ लाख |
| ११ | राधा बस्न्यात, महिला उपसंयोजक, गैरआवासीय नेपाली संघ | – ३ लाख |
| १२ | राम खरेल क्षेत्रीय उपसंयोजक, अमेरीकाज | – २ लाख ५० हजार |
| १३ | राजु पौडेल, आइसिसि सदस्य, साउदी अरव | – २ लाख |
| १४ | अरुण श्रेष्ठ, आइसिसि सदस्य, जापान | – २ लाख |
| १५ | कडेल ग्रुप अफ कम्पनिज, (राजन कडेल) | – २ लाख |
| १६ | रञ्जु थापा, महिला संयोजक, गैरआवासीय नेपाली संघ | – १ लाख |
| १७ | भुवानी गुरुङ्ग, आइसिसि सदस्य, युएसए | – १ लाख |

हाल सम्मको जम्मा घोसित रकम – १५६.५ लाख

भवन निर्माण

| | | | |
|---|---|---|---|
| १ | जीवा लामिछाने, अध्यक्ष, गैरआवासीय नेपाली संघ | – | २० लाख |
| २ | भवन भट्ट, कोषाध्यक्ष, गैरआवासीय नेपाली संघ | – | २० लाख |
| ३ | एनसिसि रसीया | – | २० हजार युएसडि |
| ४ | जे.एन ज्ञवाली, आइसिसि सदस्य, हंगकंग | – | १० लाख |
| ५ | कृष्ण प्रसाद पाण्डे, आइसिसि सदस्य, हंगकंग | – | ५ लाख |
| ६ | आइसिसि/एनसिसि जर्मनी | – | ५ लाख |
| ७ | कुमार पन्त, क्षेत्रीय संयोजक, युरोप | – | ३ लाख |
| ८ | यम कुमार गुरुङ्ग, क्षेत्रीय संयोजक, एशिया प्रशान्त | – | ३ लाख |
| ९ | किरण विक्रम थापा, क्षेत्रीय उपसंयोजक, एशिया प्रशान्त | – | ३ लाख |
| १० | अरुण श्रेष्ठ, आइसिसि सदस्य, जापान | – | ३ लाख |
| ११ | राम खरेल, क्षेत्रीय उपसंयोजक, अमेरीकाज | – | २ लाख ५० हजार |
| १२ | पि.जि शेर्पा, आइसिसि सदस्य, वेल्जियमा | – | २ लाख ५० हजार |
| १३ | तेम्वा शेर्पा, आइसिसि सदस्य, युएसए | – | २ लाख ५० हजार |
| १४ | रामेश्वर शाह, उपाध्यक्ष, गैरआवासीय नेपाली संघ | – | २ लाख |
| १५ | रोशन के.सी, आइसिसि सदस्य, जापान | – | २ लाख |
| १६ | आइसिसि/एनसिसि युएई | – | २ लाख |
| १७ | आइसिसि/एनसिसि मलेशिया | – | २ लाख |
| १८ | प्रल्हाद के.सी, आइसिसि सदस्य, अष्ट्रेलिया | – | २ लाख |
| १९ | तपिन्द्र थापा, आइसिसि सदस्य, अष्ट्रेलिया | – | २ लाख |
| २० | एनसिसि चीन | – | २ लाख |
| २१ | आइसिसि/एनसिसि फ्रान्स | – | २ लाख |
| २२ | कडेल ग्रुप अफ कम्पनिज, (राजन कडेल) | – | २ लाख |
| २३ | क्याप. हितमान गुरुङ्ग, उपाध्यक्ष, गैरआवासीय नेपाली संघ | – | १ लाख ५० हजार |
| २४ | अजिजुर रेहमान शेख, आइसिसि सदस्य, कतार | – | १ लाख ५० हजार |
| २५ | तेन्जी शेर्पा, महासचिव, गैरआवासीय नेपाली संघ | – | १ लाख |
| २६ | टि.वि कार्की, सचिव, गैरआवासीय नेपाली संघ | – | १ लाख |
| २७ | राधा बस्न्यात, महिला उपसंयोजक, गैरआवासीय नेपाली संघ | – | १ लाख |
| २८ | सुरेन्द्र सिग्देल, आइसिसि सदस्य, अष्ट्रेलिया | – | १ लाख |
| २९ | नरेश थापा, आइसिसि सदस्य, अष्ट्रेलिया | – | १ लाख |
| ३० | शारदा बरायली, आइसिसि सदस्य, नेदरल्याण्डस | – | १ लाख |
| ३१ | भुवानी गुरुङ्ग, आइसिसि सदस्य, युएसए | – | १ लाख |
| ३२ | रमेश त्वयाना, एनआरएन, लक्जेम्वर्ग | – | १ लाख |
| ३३ | व्युटी श्रेष्ठ, एनआरएन, वेल्जियम | – | १ लाख |
| ३४ | डा. हेम राज शर्मा, प्रवक्ता, गैरआवासीय नेपाली संघ | – | ५० हजार |
| ३५ | हिक्मत थापा, आइसिसि सदस्य, नाइजेरिया | – | ५० हजार |

हाल सम्मको जम्मा घोसित रकम – ११०.५ लाख र २० हजार युएसडि

## गैरआवासीय नेपाली संघको प्रतिनिध मण्डलद्वारा भेटघाट कार्यक्रम

गैरआवासीय नेपाली संघका उपाध्यक्ष रामेश्वर शाहको नेतृत्वमा आएको एक प्रतिनिधि मंडलले मिति २०६८ कार्तिक २७ देखी कार्तिक ३० गते सम्म उपप्रधान मन्त्री तथा परराष्ट्र मन्त्री, श्रम तथा यातायात व्यवस्था मन्त्री, नेपाल सरकारका उच्च पदस्थ कर्मचारीहरु, वैदेशिक रोजगार विभाग, वैदैशिक रोजगार प्रबर्द्धन बोर्ड, अध्यागमन विभाग, नेपाल वैदेशिक व्यवसायी रोजगार संघ, वैदेशिक रोजगार संघका साथै अन्य सरोकारवालाहरु संग भेट गर्नुका साथै नेपाल सरकार र प्रमुख राजनैतिक दलहरुलाई एक ज्ञापन पत्र पनि बुझाएको थियो ।

उक्त ज्ञापन पत्रमा मुख्यतया पुनः श्रम स्वीकृति, बिमा नवीकरण र कल्याणकारी कोष त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा, सम्बन्धित दूतावासमा अथवा वैकल्पिक माध्यमबाट बुझिलिने व्यवस्था गरिदिन अनुरोध गरिएको थियो । यसै गरी सो ज्ञापन पत्रमा वैदेशिक रोजगारलाई व्यवस्थित बनाउन, कूटनीतिक नियोगहरूभित्र नै एनआरएन डेस्कको स्थापना गर्न, अवैतनिक दूतको व्यवस्था, नेपाल सरकारको ऐनमा उल्लेख गरिएको गैरआवासीय नेपाली परिभाषालाई परमार्जित गर्ने विषयहरु पनि समावेश गरिएको थियो।

गैरआवासीय नेपालीहरुले माथि उठाएका माग प्रति नेपाल सरकार संवेनशील हुनुका साथै सहजकर्ताको भूमिका अविलम्व निर्वाह गर्न कटिबद्ध रहेको प्रतिवद्धता व्यक्त गदै नेपाल सरकारका तफबाट तत्काल निम्न व्यवस्था कायम गर्ने निणयहरु भए ।

१. त्रिभुवन अन्तर्राष्ट्र विमान स्थल हाता भित्र बैदेशिक रोजगार बिभागको डेस्क स्थापना गरी बैदेशिक रोजगारी सम्बन्ध भुक्तानीको व्यवस्थालाई सहज बनाउने।

२. त्रिभुवन अन्तर्राष्ट्र विमान स्थलमा रहेको अध्यगमन डेस्कमा बिदामा नेपाल फर्कने कामदारहरुको पासर्पोटमा नै यस बिषय बारे जानकारी गराउने सूचना समावेश गरी दिने।

३. बैदेशिक रोजगारी बोँड संग समन्वय गरी राष्ट्रिय स्तरका रेडियो मार्फत यस बिषयमा सन्देश मूलक सूचनाहरु प्रसारण गर्ने।

४. मध्यपूर्वका राष्ट्हरुमा अवैतानीक महावाणिज्य दूतहरुको मनोनयन गर्ने।

५. अन्य गैरआवासीय नेपाली सम्बन्धि बिषयहरुमा छलफल गरी प्रकृया अगाडी बढाउने नेपाल सरकारबाट प्रतिवद्धता व्यक्त गरियो।

---

## साइवर कन्फरेन्सबाट गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद को ३१औं बैठक सम्पन्न

गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद( NRNA ICC) को ३१औं बैठक संघका अध्यक्ष जीवा लामिछानेको अध्यक्षतामा १३ नोभेम्वर २०११ मा सम्पन्न भयो। साईवर कन्फरेन्सको माध्यमबाट सम्पन्न भएको उक्त बैठकमा संघको संरक्षक ,सल्लाहकार ,अन्तर्राष्ट्रिय समन्वय परिषद सदस्यहरुको मनोनयन ,विभिन्न समितिहरुको गठन , वेदैशिक रोजगारीको प्रतिनिधि मंडल सम्बन्धमा र सातौं गैरआवासीय नेपाली क्षेत्रिय सम्मेलनको आयोजना लगायतका विविध बिषयहरुमा निर्णय गरिएको थियो । साथै यसै वैठकले मनोनयन हुन बाँकी रहेका १० आइसिसि सदस्यहरु अध्क्षय जीवा लामिछानेको संयोजकत्वमा पदाधिकारी समितिसंग परामर्श गरी नियुक्ति गर्ने अधिकार प्रदान गर्दै आवश्यक्ता अनुसार सल्लाकार मनोनयन गरिने अधिकार समेत जीवा लामिछानेलाई दिइयो । वैठकको संचालन महासचिव तेञ्जी शेर्पाले गर्नु भएको थियो ।

## राष्ट्रिय समन्वय परिषद्वारा आयोजित कार्यक्रम:

### एनआरएनए एनसीसी कतारको चौथो राष्ट्रिय महाधिवेशन सम्पन्न

गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको चौथो राष्ट्रिय महाधिवेशन २ सेप्टेम्वर २०११ शुक्रवारका दिन भव्यताका साथ सम्पन्न भयो । एनसीसी कतारको निवर्तमान अध्यक्ष नरेन्द्र भाटको सभापतित्वमा सम्पन्न उक्त महाधिवेशनको प्रमुख अतिथिमा नेपाली राजदुतावासका महामहिम राजदुत डा. सुर्यनाथ मिश्र हुनु हुन्थ्यो । विशेष अतिथिका रूपमा एनआरएनए-आईसीसीका उपाध्यक्ष द्वय जिवानाथ लामिछाने र सागर नेपाल, कोषाध्यक्ष रामेश्वर साह, मध्यपुर्व संयोजक बद्रिप्रसाद पाण्डे र सल्लाहकार डा.देवकाजि डंगोल हुनु हुन्थ्यो । निवर्तमान महासचिव बिलबहादुर गुरुङले सञ्चालन गर्नु भएको उक्त कार्यक्रमका अतिथिहरुमा एनसीसी साउदी अरवका अध्यक्ष धरम केसी, आईसीसीका लागि बैदेशिक रोजगार कार्यदलका सदस्य टि.बि.कार्की, यूवा विभागका लागि कतार संयोजक अमृत गुरुङ, एनसीसीका सल्लाहकार सदस्यहरु युवराज पाठक तथा अन्य सहभागीहरुको उपस्थिति रहेको थियो ।

### बेल्जियममा महायज्ञ कार्यक्रम

नेपाल घर ( नेपाली साँस्कृतिक भवन ) निर्माण सहयोगार्थ जयतु संस्कृतमको संयोजन र एनआरएन बेल्जियम लगायत बेल्जियममा रहेका सम्पुर्ण नेपाली संघसंस्थाहरुको आयोजनामा यहि सेप्टेम्बर ७ देखि १० सम्म बेल्जियमको लुभेन सहरमा आध्यमिकता बाट ब्रिहत्तर समुन्वयन भन्ने अभियानमा नेपालमा सम्रिद्ध र स्वस्थ समाजको लागि मानिसको मानस पटलमा परिवर्तन गर्नु पर्दछ भन्ने आध्यत्मिक ज्ञानको प्रचार गर्दै समाजको भौतिक बिकास को लागि अरबौ दान संकलन गर्नु भएका वाचन प्रबिण पण्डित दिन बन्धु पोखे्रल ज्यूको संगीतमय प्रवचनका साथ् आयोजित श्रीमद भागवत ज्ञान महायज्ञमा ७ लाख ४८ हजार ६०७ युरो २१ सेन्ट (७ करोड ४८ लाख ६ सय ७ रुपैया ) रकम संकलन भएको छ । यस महायज्ञमा सम्पुर्ण बेल्जियम बासी नेपाली र बेल्जियममा रहेका संघ संस्थाको सहभागिता रहेको थियो ।

### एनसिसि इटालीद्वार आयोजित भेटघाट कार्यक्रम

सेप्टेम्वर १८ देखी २१ सम्म एनिसि इटालीको निमन्त्रणामा इटालीका दुई जाना प्राध्यापक Glovanni Stellin र Dimetrio Pittarello काठमाडौंमा पोखरा विश्वविद्यालयको कार्यालय, काठमाडौ र पोखरा विश्वविद्यालयका साथै अन्य शैक्षिक संघसस्थाहरु, चिकित्सकहरुसंग भेटघाट गरेका थिए । सेप्टेम्वर २२ का दिन इटालीको पाडोभा विश्वविद्यालयका प्राध्यपकहरुको टोलीले नेपालका राष्ट्रपति डा. रामवरण यादबसंग भेटघाट गर्नुका साथै काठमाडौंमा अवस्थित विभिन्न संघ संस्थाहरुसंग भेटघाट कार्यक्रम गरेको थियो । सो कार्यक्रमहरुमा एनसिसि इटालीका अध्यक्ष डा. अनिल भट्टराईका साथै अन्य पदाधिकारी एवं सदस्यहरुको सहभागीता रहेको थियो ।

### Third Annual General Meeting of NRNA NCC Norway

The third Annual General Meeting of NRNA NCC Norway was successfully completed in Oslo on Sunday 28th October, 2011. The NCC President Prof. Bishal Sitaula inaugurated the meeting by lighting a candle. The senior NRN in Norway Mr. Hem Bahadur Gurung chaired as a chief guest of the program. On behalf of the organizing committee, the vice president Mr. Sanjeev Thapa, welcomed all participants to the program.

General Secretary, Mr. Nayan Malla, presented the annual progress report of 2010/11, while the treasurer Ms. Nani Raut presented the annual financial report of 2010/11 and estimated budget for 2011/12.

The AGM unanimously elected Mr. Chudamani Lamichhane as an NRNA ICC member from NRNA Norway for 2011-2013.

Vice president Dr. Krishna Aryal, Former ICC member Dr. Suraj Thapa, newly elected ICC member Mr. Chudamani Lamichhane and cheif guest Mr. Hem Bahadur Gurung presented their views and opinions for NRNA's development and future activities in their speech.

President Prof. Bishal Sitaula thanked all participants and closed the 3rd annual general meeting 2011 of NRNA NCC Norway.

Nepali dinner and Teej celebration followed after the AGM, organized by the social and cultural sub committee of NRNA NCC Norway.

## पेरिसमा गैरआवासीय नेपाली दिवस २०११ सम्पन्न




काठमाडौंमा पाँचौ बिश्व सम्मेलन तथा ठूला पर्व दशैं र तिहारको कारणले केही ह्ला ढिलो भएपनि गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद फ्रान्सले गत आइतवार ३० अक्टोबरमा गैरआवासीय नेपाली दिवस तथा दसैं तिहार पर्व मनाएको छ। महा कवी लक्ष्मी प्रसाद देवकोटाको १०३ औ जन्म जयन्तीलाई पनि समायोजन गर्दै वाल प्रतिभा प्रदर्शनी ,साहित्यिक कार्यक्रमका साथै बिबिध सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिएको थियो । कार्यक्रमको सभापतित्व संघका अध्यक्ष निर्मल अर्यालले गर्नु भएको थियो भने प्रमुख अतिथि महामहीम राजदूत मोहन कृष्ण श्रेष्ठ र युनेस्कोको अधिवेशनको लागि फ्रान्स आउनु भएका शिक्षा सचिव शंकर प्रसाद पाण्डेले संयुक्त रुपमा पानशमा दीप प्रज्ज्वलन गरेर कार्यक्रमको उदघाटन गर्नु भएको थियो ।

कार्यक्रमको संचालन संघका महासचिव भक्त बहादुर वाग्लेले गर्नु भएको थियो भने उपाध्यक्ष हरि प्रसाद सापकोटाले स्वागत मन्तव्य दिनु भएको थियो। कार्यक्रममा शिक्षा मन्त्रालयका सह सचिव शुशील पाण्डे, उपसचिव धुर्व राज रेग्मी, दुतवासका मिनिस्टर काउन्सिलर जीवन प्रकाश श्रेष्ठ, अन्तर्रिट्रय समन्वय परिषद्का सदस्य अशोक न्यौपाने, राष्ट्रिय समन्वय परिषद् फ्रान्सका संरक्षक हरिहर अर्याल, विभिन्न संघ संस्थाका पदाधिकारीहरु, साहित्यकारहरु, कलाकारहरुको साथै ठुलो संख्यामा गैरआवासीय नेपालीहरुको उपस्थिति रहेको थियो।

## वेल्जियममा नेतृत्व विकास तथा संस्था व्यवस्थापन तालिम

एनआरएन बेल्जियम तथा नेपाली व्यवसायी संघ बेल्जियमको संयुक्त आयोजनामा बेल्जियमको लुभने शहरमा एक दिने नेतृत्व विकास तथा संस्था व्यवस्थापन तालिम संपन्न भयो । नेपाल जेसीसका राष्ट्रिय अध्यक्ष महेश दाहालले उक्त कार्यक्रमा प्रशिक्षण दिनु भएको थियो ।

गैरआवासीय नेपाली संघ बेल्जिमयका अध्यक्ष जानकी गुरुङ्गको अध्यक्षतामा संचालन भएको उक्त कार्यक्रममा एनआरएन आइसीसी सदस्यद्धय अर्जुन कुमार श्रेष्ठ ,पिजी शेर्पा लगायत बेल्जियमका विभिन्न संघसंस्था तथा प्रतिनिधीहरुको उपस्थित रहेको थियो । ०७ नोभेम्बर २०११ का दिन बेल्जियमको लुवेन शहरमा रेष्टुरेन्ट एभरेष्ट वेस क्याम्पमा उक्त प्रशिक्षण संपन्न भएको थियो । साथै प्रशिक्षक महेश दाहाललाई आयोजक तर्फबाट अध्यक्ष जानकी गुरुङ्ग र अनन्त गुरुङ्गले खादा ओढाई सम्मान गर्नु भएको थियो ।

सभापतिको आसनबाट बोल्दै बेल्जियमा रहेका नेपाली संघ संस्थाहरुको संस्थागत विकास तथा क्षमता अभिवृद्धिको लागि उपयोगी रहेको जनाउदै आगामी दिनमा समेत यस्ता कार्यक्रमको आयोजना गरिने बताउनु भयो ।

नेपाली व्यवसायी संघ बेल्जियमकोका अध्यक्ष हरि कुमार शर्मा थपलियाले उपस्थित सम्पुर्ण सहभागीहरुलाई स्वागत गर्नु भएको थियो भने आईसिसि सदस्य अर्जुन कुमार श्रेष्ठले यस तालिमको औचित्यताका बारेमा प्रकाश पार्नु भएको थियो । कार्यक्रम संचालन एनआरएन बेल्जियका सचिव अनुजा प्रधानले गर्नु भएको थियो ।

## जर्मनीमा अन्तरकृया कार्यक्रम सम्पन्न



एनआरएन जर्मनीका अध्यक्ष पुष्प थापाको अध्यक्षतामा एमाले केन्द्रिय नेताहरुको आतिथ्यमा यही १३ नोभेम्बर आईतवार Restaurant East & West , Shäfer Kamps Allee 50 -20357 Hamburg मा अन्तरकृया कार्यक्रम सम्पन्न भएको थियो ।

भ्रमणको सिलशिलामा जर्मनीको हामबुर्ग आईपुग्नु भएका नेपाल कम्नियुष्ट पार्टीका पोलिटब्युरो सदस्य अरुण नेपाल र सोही पार्टीका सदस्य तथा युवा नेता योगेश भट्टराईले वर्तमान नेपालको केन्द्रिय नेपालको नयाँ संबिधान लेखन ,समसामयिक राजनैतीक अवस्था प्रकृयाको प्रगती विवरणहरुको बिषयहरुमा बिचारहरु राख्नु भएकोथियो । यस अन्तरकृयामा उपस्थित सम्पूर्ण जर्मनी बासी गैर अवासिय नेपालीदाजुभाई तथा दिदीबहिनिहरुले आ-आफ्ना जिज्ञसाहरु राख्नु भएकोथियो। उक्त अन्तरकृया कार्यक्रममा अध्यक्षपुष्प थापाले अतिथिलाई स्वागत गर्नु भएको थियो ।

अध्यक्ष थापाले एन आर एनले संसार भरी छरिएर रहेका भिन्न भिन्न सोचाइ भएकाहरुलाई एउटै छाता मुनी गोलबन्द हुने गरी एकै ठाउँमा प्रतिनिधित्व गरी अन्तरकृया अनिवार्य भएको विचार व्यक्त गर्नु भयो । यसै गरी मन्तव्य राख्नेहरुमा सुरेन्द्र प्रधान र एनआरएनए जर्मनीका आईसीसी सदस्य सन्तोष भट्टराई हुनुहुन्थ्यो ।

---

## एनसिसि रसीयाद्वारा भ्यान हस्तान्तरण



२०११ नोभेम्वर २३का दिन एनआरएन रसीयाको सहयोगमा केन्द्रीय बहिरा उच्च मा.वि नक्शाललाई एक समारोह वीच भ्यान हस्तान्तरण गरियो। उक्त भ्यान बहिरा बालबालिकाहरुको प्रयोजनको लागि प्रदान गरिएको हो। केन्दीय बहिरा उच्च मा.विका प्रिन्सिपल नारायण भक्त श्रेष्ठ) रायन) ले सहभागीहरुलाई स्वागत गर्दै भ्यान दिएर सहयोग गरेवापत एनआरएनए रसीयालाई आभार प्रकट गर्नु भयो। उहाँले हालका दिनमा आर्थिक श्रोतको अभावले गर्दा विद्यालय संचालनमा कठिनाई परिरहेको जानकारी दिनु भयो। यसका लागि उहाँले यस बारे अरु दातृ संस्थाहरुसंग पनि कुरा भैरहेको र एनआरएन समक्ष पनि सहयोगको लागि अनुरोध गर्नु भएको छ।

यस पछि भएको छलफल कार्यक्रममा गैरआवासीय नेपाली संघका महासचिव तेन्जी शेर्पाले तपाईहरुले प्रपोजल ल्याउनु भयो भने यस बारे संघमा छलफल गरिने बताउनु भयो। यसै गरी रसीयाका आइसिसि सदस्य डा. बद्री के.सीले यस बारे विभिन्न मुलुकहरुमा प्रचार प्रसार गरेर यस बारे जानकारी गराउनु उपयुक्त हुने कुरा बताउनु भयो। उक्त कार्यक्रममा रसीयाका आइसिसि सदस्य सपीला राजभण्डारी , काठमाडौ स्थित खुला विश्व विद्यालयका संयोजक डा. प्रमोद ढकाल , एनसिसि रसीयाका उपाध्यक्ष रंगनाथ पौडैल ,युकेका एनआरएन सुभाष अधिकारी ,रसीयाका एनआरएनहरुमा संतोष के.सी ,धनेश्वर झा , कोरीयाका एनआरनहरुमा मणिक लामा ,एम श्रेष्ठ ,सचिवालयका कार्यकारी निर्देशक राजेश राणा ,स्कुलका शिक्षकहरु ,विद्यार्थीहरुका साथै अन्य व्यक्तिहरुको सहभागीता रहेको थियो।

***"Thank you for reading our Newsletter"***